पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल
☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेबसाइट : www.puexam.edu.np

प.सं. : 263/068/068

मिति: २०७४।०६।२३ गते

च.नं. :

श्री क्याम्पस प्रमुखज्यू,
बी.एड./बी.बी.एस. अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरु ।

**विषय: परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०७४ सालमा सञ्चालन हुने शिक्षाशास्त्र/व्यवस्थापन संकाय अन्तर्गत **बी.एड./बी.बी.एस. प्रथम वर्ष**मा त्यस क्याम्पस/कलेजमा नियमित रुपमा अध्ययन गरिरहेका साथै आंशिक तर्फका विद्यार्थीहरुलाई **परीक्षा आवेदन फारम भराई नियमानुसारको परीक्षा शुल्क एवं सम्बन्धन शुल्क यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा** मिति २०७४।०७।२३ गते (9th November 2017) भित्र जम्मा गरी सो को सक्कल भौचर र परीक्षा फारम एवं आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क समेत यस कार्यालयमा क्याम्पस/कलेजका प्रतिनिधी मार्फत मिति २०७४।०७।२६ गते भित्र उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएमा २०७४।०७।३० गते (16th November 2017) भित्र विलम्ब शुल्क समेत बैंक जम्मा गरी क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा मिति २०७४।०८।०३ गते भित्र सक्कल भौचर र परीक्षा फारम बुझाउनु पर्ने छ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान .......... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गरि/गराई दिनुहुन समेत जानकारी गराईन्छ ।

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।

२. **परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धि कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।**

३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडी कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फारम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरुपले Batch अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।

५. परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

७. परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।

८.परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा वा विषय उल्लेख गर्न छुट भएमा परीक्षा संचालन हुनुभन्दा कम्तीमा सात (७) दिन अगावै विषय सच्याउन प्रति विषय रु ४००।- यस कार्यालयमा बुझाउनु पर्ने छ । परीक्षा संचालन पछि विषय परीवर्तन हुने छैन ।

९. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित तथा आंशिक | रु ७,००।०० |
| २. सम्बन्धन शुल्क | रु. ३,०००।०० |
| ३. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको ७ दिन भित्र मात्र) | रु. ५००।०० |

..................
परीक्षा नियन्त्रक